# आर्थिक गतिविधि अध्ययन

(एकीकृत)

## वार्षिक प्रतिवेदन
## (आ.व. २०७६/७७)

**नेपाल राष्ट्र बैंक**

**आर्थिक अनुसन्धान विभाग**

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ वमोजिम बैंकले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमयजस्ता विषयमा अध्ययन गर्ने, तथ्याङ्क संकलन/प्रशोधन/विश्लेषण गर्ने र नीति निर्माण गर्ने काम गर्दछ । वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको नियमित संकलन तथा विश्लेषण मार्फत मौद्रिक एवम् वित्तीय नीतिको तर्जुमा र कार्यान्वयन गर्नुपर्ने भएका कारण नेपाल राष्ट्र बैंकले नियमित रुपमा आर्थिक गतिविधि अध्ययन गर्दै आएको छ ।

आर्थिक गतिविधिको विश्लेषण तथा प्रक्षेपण गर्ने मूल आधार समयमै प्राप्त हुने विश्वसनीय तथ्याङ्क तथा सूचना नै हो । आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्थाको जानकारी भई थप नीति तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्न सहयोग पुग्दछ । साथै, तथ्याङ्क तथा सूचनाको सम्प्रेषण मार्फत अर्थतन्त्रका विविध क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझाव मार्फत सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा नेपाल राष्ट्र बैंकले सहयोग पुऱ्याउँदछ ।

देशमा संघीयता कार्यान्वयन भएसँगै प्रादेशिक संरचना अनुसार आर्थिक गतिविधि अध्ययन गरिएको छ । साबिकमा ५७ जिल्लाको आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन प्रकाशन गर्ने गरिएकोमा आर्थिक वर्ष २०७६/७७ देखि ७७ जिल्लाबाट संकलित तथ्याङ्क एवम् सोका आधारमा तयार पारिएका प्रादेशिक प्रतिवेदन अनुसार आर्थिक अनुसन्धान विभागले यो एकीकृत प्रतिवेदन तयार गरेको छ ।

आर्थिक वर्ष २०७६/७७ को उत्तरार्द्धतिर शुरु भएको कोरोना महामारीबाट वास्तविक क्षेत्रमा प्रतिकूल प्रभाव परेको छ । यस विषम् परिस्थितिमा समेत यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरु तथा तथ्याङ्क संकलनमा समन्वय गर्न सहयोग पुऱ्याउनु हुने यस बैंकका प्रदेशस्थित कार्यालयहरुप्रति आभार प्रकट गर्दछु । यो प्रतिवेदन तयार पार्न संयोजन गर्नु हुने निर्देशक श्री विज्ञानराज सुवेदीलाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी यो प्रतिवेदन तयार पार्न संलग्न हुनु हुने आर्थिक विकास शाखाका उप-निर्देशकहरु श्री अवन्तिका रिमाल, श्री बिन्ती श्रेष्ठ र श्री जनकराज सापकोटा, सहायक निर्देशक श्री उदयराज पौडेल, प्रधान सहायक श्री विवेक देवकोटा तथा सहायक श्री रोहन व्यञ्जनकारलाई धन्यबाद दिन चाहन्छु ।

डा. गुणाकर भट्ट
कार्यकारी निर्देशक

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| **परिच्छेद १ : कृषि, उद्योग र सेवा क्षेत्रको अन्तर्राष्ट्रिय स्थिति** | | **१** |
| १.१ | विश्व परिदृष्य | १ |
| १.२ | भारत | १ |
| १.३ | चीन | १ |
| **परिच्छेद २ : कृषि क्षेत्र** | | **२** |
| २.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | २ |
| २.२ | कृषि उत्पादन | ३ |
| २.३ | पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | ४ |
| २.४ | सिँचाइ तथा मौसम | ५ |
| २.५ | क्षेत्रगत कृषि कर्जा | ६ |
| २.६ | सहुलियतपूर्ण कृषि कर्जा | ६ |
| २.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | ६ |
| **परिच्छेद ३ : उद्योग क्षेत्र** | | **८** |
| ३.१ | उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | ८ |
| ३.२ | क्षेत्रगत औद्योगिक कर्जा | ८ |
| ३.३ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | ९ |
| **परिच्छेद ४ : सेवा क्षेत्र** | | **११** |
| ४.१ | पर्यटन | ११ |
| ४.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | ११ |
| ४.३ | वित्तीय सेवा | ११ |
| ४.४ | यातायात तथा संचार | १२ |
| ४.५ | शिक्षा तथा स्वास्थ्य | १२ |
| ४.६ | सेवा क्षेत्र कर्जा | १३ |
| ४.७ | सहुलियतपूर्ण कर्जा | १३ |
| ४.८ | विपन्न वर्ग कर्जा | १३ |
| ४.९ | पुनरकर्जा | १३ |
| ४.१० | सेवा क्षेत्रका चुनौती र सम्भावना | १३ |
| **परिच्छेद ५ : पूर्वाधार क्षेत्र** | | **१५** |
| ५.१ | पूर्वाधार स्थिति | १५ |
| ५.२ | पूर्वाधार क्षेत्रका चुनौती र संभावना | १५ |
| **परिच्छेद ६ : वाह्य क्षेत्र र रोजगारी** | | **१७** |
| ६.१ | वैदेशिक व्यापार | १७ |

६.२ वैदेशिक रोजगारी १७
६.३ प्रत्यक्ष वैदेशिक लगानी १७
६.४ बाह्य क्षेत्रका चुनौती र सम्भावना १७

**परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना १९**

७.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन १९
७.२ अन्य कार्यक्रमको कार्यान्वयन १९

**परिच्छेद ८ : आर्थिक परिदृष्य २०**

८.१ मूल्य स्थिति २०
८.२ कृषि उत्पादन २०
८.३ औद्योगिक उत्पादन २०
८.४ सेवा क्षेत्र २०
८.५ पूर्वाधार क्षेत्र २०
८.६ बाह्य क्षेत्र २१

# कार्यकारी सारांश

१. विश्वभर फैलिएको कोभिड १९ महामारीका कारण आर्थिक वर्ष २०७६/७७ को अन्तिम चौमासमा आर्थिक गतिविधिमा प्रतिकूलता सिर्जना भयो । संक्रमण रोकथामका लागि अपनाइएको बन्दाबन्दी लगायतका व्यवस्थाका कारण कृषि, उद्योग, निर्माण, सेवा लगायत सबै क्षेत्र प्रभावित बन्न पुगे ।

**कृषि**

२. आर्थिक वर्ष २०७६/७७ मा खाद्य तथा अन्य बालीले ढाकेको भू-क्षेत्रमा ०.१ प्रतिशतले वृद्धि भएको छ भने यस्ता बालीको उत्पादन ३.७ प्रतिशतले घटेको छ ।

३. प्रमुख खाद्यान्न बालीमध्ये धानको उत्पादन २.६ प्रतिशतले घट्यो भने मकै उत्पादन २.८ प्रतिशत, गहुँ उत्पादन १.३ प्रतिशत, जौ उत्पादन १.८ प्रतिशत, कोदो उत्पादन २.२ प्रतिशतले बढेको छ । समीक्षा वर्षमा तरकारी उत्पादन गत बर्षकै हाराहारीमा रह्यो ।

४. पशुजन्य उत्पादन अन्तर्गत दुध उत्पादन ३.२ प्रतिशत, मासु उत्पादन ८.४ प्रतिशत र माछा उत्पादन २१.५ प्रतिशतले वृद्धि भएको छ भने अण्डा उत्पादन ४.४ प्रतिशतले घटेको छ । वनजन्य उत्पादन अन्तर्गत काठ उत्पादन २५.० प्रतिशतले घटेको छ ।

**उद्योग**

५. समीक्षा वर्षमा नमुना छनौटमा परेका प्रमुख उद्योगहरुको क्षमता उपयोग ४८.७ प्रतिशत रहेको छ ।

६. बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जाको अंश २०७७ असार मसान्तमा कुल कर्जाको ३४.९ प्रतिशत रहेको छ ।

**सेवा**

७. कोभिड १९ का कारण पर्यटक आगमनमा शिथिलता आउनाले समीक्षा वर्षमा पर्यटक आगमन ३१.६ प्रतिशतले घटेर ८ लाख ३८ हजार ७ सय ८७ मा सीमित भएको छ । पर्यटकस्तरीय होटल तथा लजको संख्या भने ११.४ प्रतिशत र शैया संख्या ९.८ प्रतिशतले बढेको छ ।

८. घरजग्गा रजिष्ट्रेशन संख्या ३०.३ प्रतिशतले र रजिष्ट्रेशन बापतको राजस्व १६.२ प्रतिशतले घटेको छ ।

९. बैंक तथा वित्तीय संस्थाको निक्षेप २०७६ असार मसान्तको तुलनामा २०७७ असार मसान्तमा २४.३ प्रतिशतले र कर्जा प्रवाह २१.१ प्रतिशतले वृद्धि भएको छ ।

१०. बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा बागमती प्रदेशको अंश सबैभन्दा धेरै ६८.६ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.१ प्रतिशत रहेको छ । कुल कर्जामा बागमती प्रदेशको अंश सबैभन्दा धेरै ५६.८ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.१ प्रतिशत रहेको छ ।

११. समीक्षा वर्षमा यातायातका साधनको संख्या १०.२ प्रतिशतले वृद्धि भई ४२ लाख ९० हजार ८ सय २६ पुगेको छ ।

**पूर्वाधार**

१२. समीक्षा वर्ष सडक विभागले ७२९ कि.मी. थप सडक कालोपत्रे स्तरमा स्तरोन्नती गर्नुको साथै ३५२ कि.मी. कालोपत्रे सडक पुन:निर्माण तथा पुनर्स्थापना गरी कुल १०८१ कि.मी. कालोपत्रे गर्ने कार्य सम्पन्न गरेको छ ।

१३. समीक्षा वर्षमा आन्तरिक विद्युत जडित क्षमता १ हजार ३ सय १८ मेगावाट पुगेको छ । अघिल्लो वर्ष सो क्षमता १ हजार १ सय ८२ मेगावाट रहेको थियो ।

## बाह्य क्षेत्र

१४. समीक्षा वर्ष कुल निर्यात ०.६ प्रतिशतले वृद्धि भई रु. ९७ अर्ब ७१ करोड पुगेको छ भने कुल आयात १५.६ प्रतिशतले घटेर रु. ११ खर्ब ९६ अर्ब ८० करोड कायम भएको छ ।

१५. अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) का आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या समीक्षा वर्षमा २०.५ प्रतिशतले घटेको छ । समीक्षा वर्षमा विप्रेषण आप्रवाहमा ०.५ प्रतिशतले संकुचन आई रु. ८ खर्ब ७५ अर्ब २ करोड कायम भएको छ ।

## प्रमुख आयोजनाहरुको कार्यान्वयन

१६. हाल मुलुकमा सिंचाई, जलविद्युत, विमानस्थल, सडक, रेल, खानेपानी लगायतका क्षेत्रमा २४ वटा राष्ट्रिय गौरवका आयोजनाहरु संचालनमा रहेकोमा २०७७ असार मसान्तसम्ममा ६ वटा आयोजनाहरुको समष्टिगत भौतिक प्रगति ९० प्रतिशतभन्दा बढी भएको छ । ४ वटा आयोजनाहरुको प्रगति ५० प्रतिशतदेखि ८० प्रतिशतभित्र रहेको छ भने बाँकी आयोजनाहरुको प्रगति ५० प्रतिशतभन्दा कम रहेको छ ।

# परिच्छेद १ : कृषि, उद्योग र सेवा क्षेत्रको अन्तर्राष्ट्रिय स्थिति

## १.१ विश्व परिदृष्य

अन्तराष्ट्रिय मुद्रा कोषले सन् २०२१ को जनवरीमा प्रकाशन गरेको वर्ल्ड इकोनोमिक आउटलुकको अद्यावधिक विवरण अनुसार सन् २०२० मा विश्वको कुल गार्हस्थ्य उत्पादन ३.५ ले ऋणात्मक रहेको अनुमान छ । उक्त अवधिमा विकसित अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादनमा ४.९ प्रतिशतले एवम् उदीयमान र विकासोन्मुख अर्थतन्त्रको कुल गार्हस्थ्य उत्पादनमा २.४ प्रतिशतले ह्रास आएको अनुमान छ।

## १.२ भारत

सन् २०२० मा भारतको कुल गार्हस्थ्य उत्पादन ७.९ प्रतिशतले घटेको छ। भारतको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २१.६ प्रतिशत, २४.१ प्रतिशत र ५४.३ प्रतिशत रहेको छ भने कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ०.९ प्रतिशत, -९.३ प्रतिशत र -८.८ प्रतिशत रहेको छ।

## १.३ चीन

सन् २०२० मा चीनको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर २.३ प्रतिशत रहेको छ। चीनको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ७.७ प्रतिशत, ३७.८ प्रतिशत र ५४.५ प्रतिशत रहेको छ भने कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमश : ३.० प्रतिशत, २.६ प्रतिशत र २.१ प्रतिशत रहेको छ।

**तालिका १ : भारत, चीन र नेपालको क्षेत्रगत वृद्धिदर तथा हिस्सा (प्रतिशतमा)**

| क्षेत्र | भारत | | चीन | | नेपाल | |
|---|---|---|---|---|---|---|
| | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर |
| कृषि | २१.६ | ०.९ | ७.७ | ३.० | २६.० | २.२ |
| उद्योग | २४.१ | -९.३ | ३७.८ | २.६ | १३.८ | -४.२ |
| सेवा | ५४.३ | -८.८ | ५४.५ | २.१ | ६०.२ | -३.६ |
| कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर | -७.९ | | २.३ | | -१.८८ | |

*स्रोत : आर्थिक सर्वेक्षण, भारत २०२०/२१*
*नेशनल व्यूरो अफ स्ट्याटिस्टिक्स, चीन २०२१*
*केन्द्रीय तथ्याङ्क विभाग, नेपाल*

# परिच्छेद २ : कृषि क्षेत्र


## २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७६/७७ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवम् फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल ०.२ प्रतिशतले वृद्धि भएको छ। गत वर्ष यस्तो क्षेत्रफल ०.५ प्रतिशतले वृद्धि भएको थियो।

**२.१.१ खाद्य तथा अन्य बाली :** खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ०.१ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो क्षेत्रफल ०.४ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा धानको क्षेत्रफल ०.५ प्रतिशत, मकैको क्षेत्रफल १.२ प्रतिशत, गहुँको क्षेत्रफल १.५ प्रतिशत, कोदोको क्षेत्रफल २.५ प्रतिशत, जौको क्षेत्रफल ०.५ प्रतिशत, फापरको क्षेत्रफल ५.० प्रतिशत, आलुको क्षेत्रफल २.२ प्रतिशत, सनपाटको क्षेत्रफल ९.२ प्रतिशत, सुर्तीको क्षेत्रफल १.६ प्रतिशत र भटमासको क्षेत्रफल ४.७ प्रतिशतले बढेको छ। उखुको क्षेत्रफल १३.१ प्रतिशत, दलहनको क्षेत्रफल ७.१ प्रतिशतर तेलहनको क्षेत्रफल २.७ प्रतिशतले घटेको छ।

गत वर्ष धानको क्षेत्रफल २.५ प्रतिशत, मकैको क्षेत्रफल ०.६ प्रतिशत, जौको क्षेत्रफल १.७ प्रतिशत, उखुको क्षेत्रफल ३.७ प्रतिशत, सुर्तीको क्षेत्रफल २.७ प्रतिशत, भटमासको क्षेत्रफल २.६ प्रतिशत, तेलहनको क्षेत्रफल ०.५ प्रतिशतले बढेको थियो भने गहुँको क्षेत्रफल ३.१ प्रतिशत, कोदोको क्षेत्रफल ०.५ प्रतिशत, फापरको क्षेत्रफल १.८ प्रतिशत, आलुको क्षेत्रफल ०.१ प्रतिशत, सनपाटको क्षेत्रफल १७.० प्रतिशत र दलहनको क्षेत्रफल ०.३ प्रतिशतले घटेको थियो।

समग्र कृषि बालीको क्षेत्रफलमा धान बालीको क्षेत्रफल सबैभन्दा धैरै ३०.९ प्रतिशत रहेको छ।




**२.१.२ तरकारी :** समीक्षा वर्षमातरकारी बालीले ढाकेको क्षेत्रफल ३.८ प्रतिशतले बढेको छ। गत वर्ष उक्त क्षेत्रफल १.९ प्रतिशतले घटेको थियो।

**२.१.३ फलफूल तथा मसला:** समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल २.८ प्रतिशतले घटेको छ। गत वर्षयस्ता बालीले ढाकेको क्षेत्रफल ५.३ प्रतिशतले बढेको थियो।

यसमध्ये सुन्तलाको क्षेत्रफल ०.६ प्रतिशत, केराको क्षेत्रफल ७.४ प्रतिशत, स्याउको क्षेत्रफल ५.८ प्रतिशत, चियाको क्षेत्रफल ०.४ प्रतिशत र कफीको क्षेत्रफल १९.४ प्रतिशतले बढेको छ भने आँपको क्षेत्रफल १.९ प्रतिशत र मसलाको क्षेत्रफल ९.४ प्रतिशतले घटेको छ ।

**प्रदेशगत स्थिति :** समीक्षा वर्षमा प्रदेश नं. १, बागमती, गण्डकी, कर्णाली र सुदूर-पश्चिम प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल बढेको छ भने प्रदेश नं. २ र लुम्बिनी प्रदेशमा घटेको छ । तरकारी बालीले ढाकेको क्षेत्रफल प्रदेश नं. १, बागमती, लुम्बिनी, कर्णाली र सुदूर-पश्चिम प्रदेशमा बढेको छ भने प्रदेश नं. २ र गण्डकी प्रदेश घटेको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल प्रदेश नं. १, बागमती, गण्डकी र कर्णाली प्रदेशमा बढेको छ भने प्रदेश नं. २, लुम्बिनी र सुदूर-पश्चिम प्रदेशमा घटेको छ । धान बालीले ढाकेको कुल क्षेत्रफलमा प्रदेश २ को हिस्सा सबैभन्दा बढी २६.६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.६ प्रतिशत रहेको छ ।


यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## २.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७६/७७ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी र फलफूल तथा मसला) को कुल उत्पादन २.८ प्रतिशतले घटेको छ । गत वर्षयस्ता बालीको उत्पादन ३.८ प्रतिशतले बढेको थयो ।

**२.२.१ खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन ३.७ प्रतिशतले घटेको छ । प्रमुख खाद्य बालीमध्ये मकै उत्पादन २.८ प्रतिशत, गहुँ उत्पादन १.३ प्रतिशत, कोदो उत्पादन २.२ प्रतिशत, जौ उत्पादन १.८ प्रतिशत, आलु उत्पादन ६.५ प्रतिशत, सनपाट उत्पादन ०.४ प्रतिशत, सुर्ती उत्पादन १.७ प्रतिशत, भटमास उत्पादन १०.७ प्रतिशत र तेलहन उत्पादन ०.४ प्रतिशतले बढेको छ भने धान उत्पादन २.६ प्रतिशत, फापर उत्पादन १.७ प्रतिशत, उखु उत्पादन २०.३ प्रतिशत र दलहन उत्पादन २०.३ प्रतिशतले घटेको छ ।

अघिल्लो वर्ष धान उत्पादन ९.१ प्रतिशत, जौ उत्पादन ३.५ प्रतिशत, फापर उत्पादन १.२ प्रतिशत, आलु उत्पादन २.५ प्रतिशत, उखु उत्पादन ७.९ प्रतिशत, सनपाट उत्पादन १.७ प्रतिशत, भटमास उत्पादन १४.३ प्रतिशत र तेलहन उत्पादन १२.३ प्रतिशतले बढेको थियो भने मकै उत्पादन ०.१ प्रतिशत, गहुँ उत्पादन ०.६ प्रतिशत, कोदो उत्पादन ३.१ प्रतिशत, सुर्ती उत्पादन ५.७ प्रतिशत र दलहन उत्पादन १.३ प्रतिशतले घटेको थियो । समग्र कृषि बालीको उत्पादनमा धान बालीको अंश सबैभन्दा बढी २४.२ प्रतिशत रहेको छ ।




**२.२.२ तरकारी :** समीक्षा वर्षमा तरकारी उत्पादन गत वर्षकै हाराहारी रहेको छ । गत वर्ष तरकारी उत्पादनमा ०.१ प्रतिशतले ह्रास आएको थियो ।

**२.२.३ फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ०.९ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन २.४ प्रतिशतले बढेको थियो । समीक्षा वर्ष सुन्तला उत्पादन ५.३ प्रतिशत, आँप उत्पादन १०.८ प्रतिशत, केरा उत्पादन ११.७ प्रतिशत, स्याउ उत्पादन २.३ प्रतिशतर कफी उत्पादन ४.५ प्रतिशतले बढेको छ भने अन्य फलफूल उत्पादन ११.९ प्रतिशत, मसला उत्पादन ४.९ प्रतिशत र चिया उत्पादन ०.३ प्रतिशतले घटेको छ । गत वर्ष सुन्तला उत्पादन ३.८ प्रतिशत, केरा उत्पादन ६.१ प्रतिशत, अन्य फलफूल १०.५ प्रतिशत, मसला उत्पादन १.२ प्रतिशत, चिया उत्पादन १.१ प्रतिशत र कफी उत्पादन ४०.० प्रतिशतले बढेको थियो भने आँप उत्पादन ५.० प्रतिशत र स्याउ उत्पादन २.४ प्रतिशतले घटेको थियो ।

**प्रदेशगत स्थिति :** समीक्षा वर्षमा प्रदेश नं. १, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूर-पश्चिम प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन बढेको छ भने प्रदेश नं. २ मा घटेको छ । तरकारी उत्पादन प्रदेश नं. १, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशमा बढेको छ भने प्रदेश नं. २, बागमती र सुदूर-पश्चिम प्रदेशमा घटेको छ । यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादन प्रदेश नं. १, प्रदेश नं. २, गण्डकी र कर्णाली प्रदेशमा बढेको छ भने बागमती, लुम्बिनी र र सुदूर-पश्चिम प्रदेशमा घटेको छ । धान बालीको कुल उत्पादनमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी २३.० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.५ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

**२.३.१ पशुपंक्षी उत्पादन :** समीक्षा वर्षमा दुध उत्पादन ३.२ प्रतिशतले बढेको छ । गत वर्ष दुध उत्पादन १.५ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा मासु उत्पादन ८.४ प्रतिशतले बढेको छ । मासुजन्य उत्पादनतर्फ भैंसी/राँगोको मासु उत्पादन ७.२ प्रतिशत, खसी/बोका/भेडाको मासु उत्पादन ९.१ प्रतिशत, सुंगुर/बंगुरको मासु उत्पादन ३.१ प्रतिशत र कुखुरा तथा हाँसको मासु उत्पादन १३.० प्रतिशतले वृद्धि भएको छ । गत वर्ष मासु उत्पादन २.५ प्रतिशतले घटेको थियो । गत वर्ष खसी/बोका/भेडाको मासु

उत्पादन ४.२ प्रतिशत, सुँगुर/बंगुरको मासु उत्पादन ४.५ प्रतिशत र कुखुरा/हाँसको मासु उत्पादन ०.१ प्रतिशतले बढेको थियो भने भैसी/राँगोको मासु उत्पादन ९.५ प्रतिशतले घटेको थियो । प्रदेश नं. १ मा सबैभन्दा बढी २२.७ प्रतिशत दुध उत्पादन भएको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम ३.६ प्रतिशत दुध उत्पादन भएको छ ।

समीक्षा वर्षमा अण्डा उत्पादनमा ४.४ प्रतिशतले घटेको छ । गत वर्ष अण्डा उत्पादन २.० प्रतिशतले बढेको थियो । यसैगरी समीक्षा वर्ष छाला उत्पादन २.७ प्रतिशतले बढेको छ भने हाड उत्पादन ०.८ प्रतिशत र ऊन उत्पादन ११.९ प्रतिशतले घटेको छ । गत वर्ष ऊन उत्पादन ३.९ प्रतिशत र हाड उत्पादन १.५ प्रतिशतले बढेको थियो भने छाला उत्पादन ०.५ प्रतिशतले घटेको थियो ।


**२.३.२ माछा उत्पादन :** समीक्षा वर्षमा माछा उत्पादन २१.५ प्रतिशतले बढेको छ । गत वर्ष माछा उत्पादन १.२ प्रतिशतले बढेको थियो ।

**२.३.३ वनजन्य उत्पादन :** वनजन्य उत्पादनतर्फ काठ उत्पादन २५.० प्रतिशत, दाउरा उत्पादन ७८.७ प्रतिशत र औषधिजन्य वस्तुको उत्पादन ४.९ प्रतिशतले घटेको छ । गत वर्ष काठ उत्पादन २१.४ प्रतिशत, दाउरा उत्पादन ३७.१ प्रतिशतर औषधिजन्य वस्तुको उत्पादन ७२.० प्रतिशतले बढेको थियो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा प्रदेशगत) मा दिइएको छ ।

## २.४ सिँचाइ तथा मौसम

समीक्षा वर्षमा कुल सिंचित क्षेत्रफल ३.१ प्रतिशतले बढेर १२ लाख ६० हजार २ सय ५८ हेक्टर पुगेको छ । गत वर्षकुल सिंचित क्षेत्रफल ८.१ प्रतिशतले बढेको थियो । कुल सिंचित क्षेत्रफलमध्ये, ५१.१ प्रतिशत नहर, ३८.१ प्रतिशत कुलो, ९.८ प्रतिशत बोरिङ्ग र १.० प्रतिशत पोखरीबाट सिंचित भएको देखिन्छ । कुल खेतीयोग्य क्षेत्रफलको ८०.३ प्रतिशत हिस्सामा खेती गरिएको एवम् कुल खेती गरिएको भू-भागमध्ये ४२.६ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको देखिन्छ । देशको कुल सिंचित क्षेत्रफलमा प्रदेश २ को हिस्सा सबैभन्दा बढी २६.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.९ प्रतिशत रहेको छ । देशको कुल खेतीयोग्य क्षेत्रफलमा प्रदेश १ को हिस्सा सबैभन्दा बढी २२.६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.९ प्रतिशत रहेको छ ।



यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## २.५ क्षेत्रगत कृषि कर्जा

२०७७ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा २०७६ असार मसान्तको तुलनामा २७.६ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ९८ अर्ब ७ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा १३८.६ प्रतिशतले वृद्धि भएको थियो । कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु. ६० अर्ब २८ करोड कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा प्रवाह भएको छ भने सबैभन्दा न्यून सुर्ती बालीमा रु. १६ करोड ४९ लाख प्रवाह भएको छ । कृषि क्षेत्रमा प्रवाहित कुल कर्जामा प्रदेश नं. १ को अंश १६.८ प्रतिशत, प्रदेश नं. २ को अंश १५.० प्रतिशत, बागमती प्रदेशको अंश ३८.२ प्रतिशत, गण्डकी प्रदेशको अंश ८.५ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५.९ प्रतिशत, कर्णाली प्रदेशको अंश १.३ प्रतिशत र सुदूर-पश्चिम प्रदेशको अंश ४.२ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## २.६ सहुलियतपूर्ण कृषि कर्जा

२०७७ असार मसान्तमा कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत २४,७६३ ऋणीमा लगानी भएको रु. ५४ अर्ब ११ करोड कर्जा बक्यौता रहेको छ ।

## २.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### २.७.१ चुनौती

- रसायनिक मल तथा विषादीको अत्याधिक प्रयोगका कारण क्षय हुन गएको माटोको उर्वराशक्तिलाई थप क्षयीकरण हुन नदिनु ।
- कृषि उपजको सहज बजारीकरणको व्यवस्था गर्नु ।
- मौसममा आधारित कृषि प्रणालीको प्रमुखता विद्यमान रहेकोमा सिंचाई सुविधाको सुनिश्चितता गर्दै कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्नु ।
- सहज र सुलभ दरमा कृषि ऋण उपलब्ध हुने व्यवस्थाका लागि प्रक्रियागत सरलीकरण गर्नु एवम् सहुलियतपूर्ण कृषि तथा पशुपंक्षी कर्जालाई लक्षित कृषकसम्म पहुँच पुऱ्याउनु ।
- कृषि औजार, उपकरण तथा मेशिनरीको बारेमा परम्परागत रुपमा खेती गर्दै आएका साना किसान तथा युवाहरुलाई पर्याप्त मात्रामा जानकारी, महत्व, फाईदाहरुबारे सुसूचित गराउने ।
- उन्नत पशुपालन क्षेत्रलाई थप विकास गर्न र उत्पादकत्व वृद्धि गर्न अध्ययन-अनुसन्धान केन्द्रहरुको समय सापेक्ष विकास र प्रभावकारी व्यवस्था गर्नु ।
- कृषि बीमा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नु ।
- युवाहरुलाई कृषि क्षेत्रतर्फ आकर्षित गर्नु ।
- गुणस्तरीय बिउविजनको उपलब्धता सुनिश्चित गर्नु ।
- कृषकहरुको सीप विकासका लागि तालिम प्रदान गर्नुका साथै खेती गरिएको स्थानमा नै प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनु ।
- बसाई सराईका कारण बाँझो हुँदै गएको पहाडी जिल्लाहरु लगायतका बाँझो रहेका खेतीयोग्य जमीन उपयोग गरी सामुहिक रुपमा व्यवसायिक खेती लाई प्रोत्साहित गराउनु ।

- तुलनात्मक लाभका आधारमा छनौट गरीएका क्षेत्र र बालीहरुमा एकीकृत रुपमा सघन कृषि विकासका कार्यक्रमहरु सञ्चालन गरी कृषिको व्यावसायीकरण मार्फत औद्योगिकीकरणका लागि आधार खडा गर्नु ।
- कृषि क्षेत्रमा जलवायु परिवर्तनका नकारात्मक असर न्यूनीकरण गर्दै प्राकृतिक प्रकोपसँग जुध्ने क्षमता विकास गर्नु ।

### २.७.२ सम्भावना

- पहाडमा बाँझो रहेका जमिनहरुमा हर्रो, बर्रो, अमला, बेल तथा रिट्ठा जस्ता वनजन्य उत्पादनको व्यावसायिक खेती गरी आयुर्वेदिक औषधि तथा साबुन बनाउन सकिने ।
- बैदेशिक रोजगारबाट फर्कने युवाको श्रम तथा सीपलाई कृषि क्षेत्रमा आकर्षण गर्न सकेमा कृषिमा व्यावसायिकता बढ्ने ।
- यातायात, संचार र डिजिटल प्रविधिको समुचित प्रयोगबाट कृषि उपजहरुको प्रभावकारी बजारीकरण गर्न सकिने ।
- सबै कृषकको पहुँच पुग्ने गरी न्यूनतम् ब्याजदरमा सहज र सुलभ कृषि ऋण उपलब्ध गराउने राष्ट्रिय नीतिको प्रभावकारी कार्यान्वयन गर्न सके कृषि क्षेत्रमा पर्याप्त लगानी भई कृषि उत्पादन र उत्पादकत्व दुबै बढ्ने ।
- स्वदेशमा बढ्दै गरेको कृषि क्षेत्रको प्राविधिक जनशक्तिलाई आधुनिक कृषि प्रणालीसँग आबद्ध गर्दै स्वदेशमै रोजगारी प्रदान गर्न सकिने ।
- कृषि मूल्य श्रृङ्खलामा सहकारी संस्थाको सेवा उपयोग गरी उत्पादन र बजारीकरण प्रवर्द्धन गर्न सकिने ।

# परिच्छेद ३ : उद्योग क्षेत्र

## ३.१ उद्योगको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

आर्थिक वर्ष २०७६/७७ मा सर्वेक्षणमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ४८.७ प्रतिशत रहेको छ । कोभिड १९ महामारीका कारण आर्थिक वर्षको उत्तरार्द्धतिर अधिकांश उद्योग पूर्णरुपमा संचालनमा आउन नसकेको कारण उद्योगहरुको क्षमता उपयोगमा कमी आएको हो । सर्वेक्षणमा मुलुकभरका १५४ उद्योगहरु समेटिएका छन् । सर्वेक्षणमा समेटिएका उद्योगमध्ये भटमासको तेल उद्योगले सबैभन्दा बढी ९८.९ प्रतिशत क्षमता उपयोग गरेको देखिएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ६ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।


अध्ययनले समेटेका उद्योगमध्ये तोरीको तेल, भटमासको तेल, चामल, गहुँको पिठो, विस्कुट, चकलेट, मदिरा, जुटका सामान, रोजिन र प्लाष्टिकका सामानको उत्पादन बढेको छ भने वनस्पति घ्यू, प्रशोधित दूध, पशुदाना, चिनी, चाउचाउ, प्रशोधित चिया, बियर, हल्का पेय पदार्थ, चुरोट, धागो, सिन्थेटिक कपडा, पश्मिना, गार्मेण्ट, प्रशोधित छाला, कागज, रंग, औषधि, साबुन, ईटा, सिमेन्ट, कंक्रिट, फलामको छड तथा पाता, जी.आई.तार, घरेलु धातुका सामान, आल्मुनियम, टायर तथा ट्यूब र कपडाको जुत्ताको उत्पादन घटेको छ ।

प्रदेश १ मा वनस्पति घ्यू तथा तेल, अन्य खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्ट; प्रदेश २ मा कागज, चुरोट, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधि, फलामको छड तथा पत्ति; बागमती प्रदेशमा प्रशोधित दुध, पशुदाना, पश्मिना, तयारी पोशाक, औषधि; गण्डकी प्रदेशमा विस्कुट, चाउचाउ; प्रदेश ५ मा तोरीको तेल, गहुँको पिठो, वियर, औषधि, सिमेन्ट तथा सुदूर-पश्चिम प्रदेशमा गहुँको पिठो, चिरेको काठ, रोजिन लगायतका वस्तुको उत्पादन प्रमुख रुपमा हुने गरेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ७ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## ३.२ क्षेत्रगत औद्योगिक कर्जा

२०७७ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०७६ असार मसान्तको तुलनामा २४.८ प्रतिशतले वृद्धि भई रु. ११ खर्ब ३७ अर्ब ७० करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा २२.१ प्रतिशतले बढेको थियो । औद्योगिक क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जाको ३४.९ प्रतिशत रहेको छ ।




औद्योगिक कर्जामध्ये खानी सम्बन्धी उद्योगमा ०.६ प्रतिशत, कृषि, वन तथा पेय पदार्थ सम्बन्धी उद्योगमा १६.५ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उद्योगमा ३४.९ प्रतिशत, निर्माण सम्बन्धी उद्योगमा ३०.३ प्रतिशत, विद्युत ग्यास तथा पानी सम्बन्धी उद्योगमा १३.७ प्रतिशत र धातुका उत्पादन मेसीनरी तथा इलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ४.१ प्रतिशत प्रवाह भएको छ ।

औद्योगिक कर्जामा प्रदेशगत हिस्सा हेर्दा प्रदेश नं. १ को ११.५ प्रतिशत, प्रदेश नं. २ को ८.४ प्रतिशत, बागमती प्रदेशको ६२.८ प्रतिशत, गण्डकी प्रदेशको ५.१ प्रतिशत, लुम्बिनी प्रदेशको ९.८ प्रतिशत, कर्णाली प्रदेशको ०.६ प्रतिशत र सुदूर-पश्चिम प्रदेशको १.९ प्रतिशत हिस्सा रहेको देखिन्छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## ३.३ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### ३.३.१ चुनौती

- कोभिड १९ संक्रमणको प्रभावले माग तथा आपूर्तिमा सिर्जना भएको अवरोधलाई न्यूनीकरण गरी उद्योगहरुको क्षमता उपयोग बढाउनु ।
- औद्योगिक उत्पादनका लागि आवश्यक कच्चा पदार्थ लगायत आगतको नियमित आपूर्ति सुनिश्चित गर्नु ।
- विशेष आर्थिक क्षेत्र तथा निर्यात प्रशोधन केन्द्र र औद्योगिक क्षेत्रमा पूर्वाधार विकास गर्नु ।
- स्वदेशी उद्योगहरुमा दक्ष श्रमशक्तिको अभाव भएको हुँदा आवश्यक तालिम मार्फत दक्ष श्रमिक तयार गरी रोजगारी प्रबर्द्धन गर्नु ।
- देशभित्र नै भएका सम्भावित औद्योगिक कच्चा पदार्थहरुको पहिचान गरी सोको उत्खनन तथा उत्पादन गर्नु ।
- जमिनको मूल्यमा आएको अत्याधिक वृद्धिका कारण उद्योग स्थापनाका लागि आवश्यक पर्ने जग्गाको व्यवस्थापन गर्दै औद्योगिक वातावरणको विकास गर्नु ।

- उत्पादित वस्तुको लागत तथा गुणस्तर व्यवस्थापन गर्दै आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न सक्ने बनाउनु ।
- निर्यातयोग्य वस्तुहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नु तथा वस्तु विविधिकरण एवम् उत्पादकत्व बढाउनु ।
- कोभिड-१९ को प्रभावले लामो समय उद्योग बन्द रहेका कारण अवरुद्ध उद्योग-श्रमिक सम्बन्ध पुर्नस्थापना गरी उद्योगको सहज संचालन गर्नु ।
- तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका निर्यातमुलक उद्योगको स्थापना र सञ्चालनमा प्रत्यक्ष विदेशी लगानी आकर्षण गर्न लगानीमैत्री वातावरण तयार पार्नु ।

### ३.३.२ सम्भावना

- उद्योगको विकास र विस्तार गरी रोजगारीको अवसर वृद्धि गर्न सकिने ।
- उद्योगको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने ।
- कोरोना महामारीबाट शिथिल भएको अर्थतन्त्रको पुनरुत्थानका लागि व्यवस्था गरिएका पुनरकर्जा, सहुलियतपूर्ण कर्जा, व्यावसायिक निरन्तरता कर्जा, नवप्रवर्तन शुरुवाती पूँजी कर्जा आदिको प्रभावकारी उपयोग मार्फत औद्योगिक पुनरुत्थानलाई गति दिन सकिने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तालिम केन्द्र र प्राविधिक प्रशिक्षण प्रतिष्ठानको समन्वयमा दक्ष तथा प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने ।
- पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाइने सल्लोको प्रयोग गरी रोजिन एण्ड टर्पेन्टाइन उद्योगको स्थापना तथा क्षमता वृद्धि गर्न सकिने ।
- दुई ठूला छिमेकी मुलुकको आर्थिक विस्तारको कारणले औद्योगिक वस्तु तथा सेवाको लागि विशाल बजार उपलब्ध भएकोले सो को फाइदा उठाउन सकिने ।
- विदेशबाट फर्किएका नेपालीको ज्ञान, सीप र पुँजी मुलुकको औद्योगिकीकरणमा प्रयोग गर्न सकिने ।

# परिच्छेद ४ : सेवा क्षेत्र

## ४.१ पर्यटन

कोभिड-१९ महामारीका कारण अन्तिम चौमासमा पर्यटक आउने क्रम नगन्य रहेकोले आर्थिक वर्ष २०७६/७७ मा पर्यटक आगमन ३१.६ प्रतिशतले घटेर ८ लाख ३८ हजार ७ सय ८७ मा सीमित भएको छ । अघिल्लो वर्ष पर्यटक आगमन २२.७ प्रतिशतले बढेर १२ लाख २६ हजार ७ सय १६ पुगेको थियो । समीक्षा वर्षमा पर्यटकस्तरीय होटल तथा लजको संख्या भने ११.४ प्रतिशतले बढेर ३ हजार २ सय ६७ र शैया संख्या ९.८ प्रतिशतले बढेर ९५ हजार ६ सय ९६ पुगेको छ । सन् २०२० लाई पर्यटन वर्ष घोषणा गरिएकोले होटल तथा शैया संख्यामा विस्तार आएको हो । तथापि कोभिड-१९ महामारीका कारण सन् २०२० लाई पर्यटन वर्षको रुपमा मनाउने कार्यलाई स्थगित गरियो । यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा प्रदेशगत) मा दिइएको छ ।

## ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

आर्थिक वर्ष २०७६/७७ मा घरजग्गा रजिष्ट्रेशन संख्या ३०.३ प्रतिशतले घटेर ५ लाख ५१ हजार ८ सय १६ मा सीमित भएको छ । गत वर्ष सो संख्या २२.३ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन बापतको राजस्व १६.२ प्रतिशतले घटेर रु. १९ अर्ब ८४ करोड कायम भएको छ । गत वर्ष यस्तो राजस्व १७.१ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा घर/भवन नक्सा पास संख्या ३०.५ प्रतिशतले घटेर ४२ हजार ८६ कायम भएको छ । गत वर्ष घर/भवन नक्सा पास संख्या १५.८ प्रतिशतले घटेको थियो ।


यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## ४.३ वित्तीय सेवा

२०७७ असार मसान्तमा वाणिज्य बैंकका ४४३६, विकास बैंकका १०२९, वित्त कम्पनीका २४३ तथा लघुवित्त वित्तीय संस्थाका ४०५७ गरी जम्मा ९७६५ शाखा सञ्चालनमा रहेका छन् । यसमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी २५२८ तथा कर्णाली प्रदेशमा सबैभन्दा कम ३८४ शाखा सञ्चालनमा रहेका छन् । यसका साथै १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेको छ ।

वित्तीय सेवा सम्बन्धी विस्तृत विवरण तालिका ११ मा प्रस्तुत गरिएको छ ।

२०७७ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७६ असार मसान्तको तुलनामा २४.३ प्रतिशतले वृद्धि भई रु. ३९ खर्ब २३ अर्ब १० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निक्षेप १८.६ प्रतिशतले वृद्धि भएको थियो ।




२०७७ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०७६ असार मसान्तको तुलनामा २१.१ प्रतिशतले वृद्धि भई रु. ३२ खर्ब ६७ अर्ब ४७ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा १९.८ प्रतिशतले वृद्धि भएको थियो।

२०७७ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेपमा बागमती प्रदेशको अंश सबैभन्दा धेरै ६८.६ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.१ प्रतिशत रहेको छ। कुल कर्जामा बागमती प्रदेशको अंश सबैभन्दा धेरै ५६.८ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.१ प्रतिशत रहेको छ।

निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ।

## ४.४ यातायात तथा संचार

### ४.४.१ यातायात

२०७७ असार मसान्तमा कुल सवारी साधन दर्ता संख्या अघिल्लो वर्षको तुलनामा १०.२ प्रतिशतले वृद्धि भई ४२ लाख ९० हजार ८ सय २६ पुगेको छ। यसमध्ये मोटरसाईकल संख्या ११.१ प्रतिशत तथा अन्य सवारी साधन ७.१ प्रतिशतले वृद्धि भएको छ।

यस सम्बन्धी विवरण तालिका १९ मा प्रस्तुत गरिएको छ।

### ४.४.२ सञ्चार

२०७७ असार मसान्तमा कुल वितरित इन्टरनेट सेवा संख्या १४.४ प्रतिशतले वृद्धि भई २ करोड २२ लाख ३७ हजार ५ सय ६७ पुगेको छ भने कुल वितरित टेलिफोन संख्या ८.५ प्रतिशतले ह्रास भई ३ करोड ७८ लाख ६० हजारमा सीमित भएको छ।

यस सम्बन्धी विवरण तालिका २२ मा प्रस्तुत गरिएको छ।

## ४.५ शिक्षा तथा स्वास्थ्य

आर्थिक सर्वेक्षण २०७६/७७ अनुसार २०७६ फागुनसम्म विद्यालय संख्या ३.२ प्रतिशतले वृद्धि भई ६६ हजार ६ सय ६४ पुगेको छ। गत वर्ष यस्तो संख्या १.३ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षको फागुनसम्म विद्यार्थी

संख्या २.७ प्रतिशतले घटी ७० लाख २२ हजार कायम रहेको छ । गत वर्ष यस्तो संख्यामा २.४ प्रतिशतले ह्रास आएको थियो ।

यस सम्बन्धी विवरण तालिका २० मा प्रस्तुत गरिएको छ ।

## ४.६ सेवा क्षेत्र कर्जा

२०७७ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७६ असार मसान्तको तुलनामा ३०.१ प्रतिशतले वृद्धि भई रु. १३ खर्ब ६ अर्ब ८९ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा १७.७ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ४०.१ प्रतिशत रहेको छ ।

सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा विक्रेता क्षेत्रमा सबैभन्दा बढी ५०.५ प्रतिशत कर्जा प्रवाह भएको छ भने यातायात, भण्डारण र संचार क्षेत्रमा ७.४ प्रतिशत कर्जा प्रवाह भएको छ ।

सेवा क्षेत्र कर्जामा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ५७.२ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको हिस्सा १.३ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा प्रदेशगत) मा प्रस्तुत गरिएको छ ।

## ४.७ सहुलियतपूर्ण कर्जा

२०७७ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित सहुलियतपूर्ण कर्जा २०७६ असार मसान्तको तुलनामा ८१.५ प्रतिशतले वृद्धि भई रु. ५९ अर्ब ५६ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा २०७.८ प्रतिशतले वृद्धि भएको थियो । कुल सहुलियतपूर्ण कर्जामा प्रदेश १ को अंश १६.३ प्रतिशत, प्रदेश २ को अंश ८.५ प्रतिशत, बागमती प्रदेशको अंश ४५.९ प्रतिशत, गण्डकी प्रदेशको अंश १०.७ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १४.१ प्रतिशत, कर्णाली प्रदेशको अंश १.० प्रतिशत र सुदूर-पश्चिम प्रदेशको अंश ३.४ प्रतिशत रहेको छ ।

## ४.८ विपन्न वर्ग कर्जा

२०७७ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित विपन्न वर्ग कर्जा २०७६ असार मसान्तको तुलनामा १३.७ प्रतिशतले वृद्धि भई रु. २ खर्ब १ अर्ब ६२ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा २८.८ प्रतिशतले वृद्धि भएको थियो । कुल विपन्न वर्ग कर्जामा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५७.७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको अंश सबैभन्दा कम १.८ प्रतिशत रहेको छ ।

## ४.९ पुनरकर्जा

२०७७ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित पुनरकर्जाको बक्यौता २०७६ असार मसान्तको तुलनामा ६६.६ प्रतिशतले घटी रु. ७ अर्ब ४८ करोड कायम भएको छ । गत वर्ष यस्तो कर्जा बक्यौता ८३.२ प्रतिशतले वृद्धि भएको थियो । कुल पुनरकर्जा बक्यौतामा बागमती प्रदेशको अंश सबैभन्दा बढी ८१.० प्रतिशत रहेको छ भने कर्णाली प्रदेश र सुदूर-पश्चिम प्रदेशमा पुनरकर्जा बक्यौता रहेको छैन ।

## ४.१० सेवा क्षेत्रका चुनौती र सम्भावना

### ४.१०.१ चुनौती

- कोभिड-१९ का कारण शिथिल रहेको पर्यटन तथा होटल/रेष्टुरेन्ट लगायतका व्यवसायलाई पुनरुत्थान गर्नु ।
- पहाडी एवम् हिमाली जिल्लाहरुमा दक्ष चिकित्सक तथा स्वास्थ्य सेवाको स्तरोन्नती गरी सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउनु ।

- स्थानीय तहहरुमा बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति पुगेसँगै सर्बसाधारणसम्म गुणस्तरीय वित्तीय सेवा पुऱ्याउनु ।
- व्यावसायिक तथा औद्योगिक शिक्षाको विकास र विस्तार गरी दक्ष जनशक्तिको विकास गर्नु ।
- प्राविधिक सीपयुक्त जनशक्ति स्वदेशमै उत्पादन गर्नु तथा लघु उद्यमको माध्यमबाट स्वरोजगार अभिवृद्धि गर्नु ।
- विकासको मेरुदण्डको रुपमा रहेका धार्मिक, सांस्कृतिक, पुरातात्विक पर्यटकीय पूर्वाधारहरुको विकास तथा प्रवर्द्धन मार्फत् आन्तरिक एवम् बाह्य पर्यटकको लागि आकर्षक गन्तव्य स्थल निर्माण गर्नु ।
- पर्यटकीय स्थलहरुमा आवश्यक पूर्वाधारहरुको विकास गर्नु तथा उक्त क्षेत्रलाई जोड्ने स्थल मार्ग निर्माण गर्नु ।
- गुणस्तरीय पर्यटक आगमन वृद्धि गरी पर्यटकको खर्च र बसाई अवधि वृद्धि गर्नु ।

### ४.१०.२ सम्भावना

- निर्माणाधीन सडक आयोजनाहरु सम्पन्न भई व्यवस्थित सहरी विकास हुन सक्ने ।
- सडक विस्तार तथा निर्माण हुँदै जाँदा यातायातका साधनहरु सञ्चालनमा वृद्धि भई रोजगारी सिर्जना हुने ।
- ग्रामीण र दुर्गम क्षेत्रमा बैंक तथा वित्तीय संस्थाका शाखाहरु बिस्तार हुँदै जाँदा उक्त क्षेत्रमा आर्थिक क्रियाकलापहरु वृद्धि हुने ।
- नयाँ गन्तव्यस्थलको पहिचान र विविधीकरण गरी विश्व पर्यटन बजारमा नेपाल प्रमुख आकर्षक पर्यटकीय गन्तव्यको रुपमा स्थापित हुन सक्ने ।
- भारत र चीनजस्ता ठूला जनसंख्या भएका उदीयमान अर्थतन्त्र छिमेकी भएकाले पर्यटकको संख्या बढाउन सकिने ।

# परिच्छेद ६ : पूर्वाधार क्षेत्र

## ५.१ पूर्वाधार स्थिति[1]

आर्थिक वर्ष २०७६/७७ मा सडक विभागले ७२९ कि.मी. थप सडक कालोपत्रे स्तरमा स्तरोन्नती गर्नुको साथै ३५२ कि.मी. कालोपत्रे सडक पुनःनिर्माण तथा पुनर्स्थापना गरी कुल १०८१ कि.मी. कालोपत्रे गर्ने कार्य सम्पन्न गरेको छ। समीक्षा वर्षमा सडक विभागले स्थानीय सडक पुल अन्तर्गत १३१ वटा र रणनैतिक महत्वका सडकहरु अन्तर्गत १११ पुलहरु गरी जम्मा २१० वटा पुलको निर्माण सम्पन्न गरेको छ। आर्थिक सर्वेक्षण २०७६/७७ अनुसार मुलुकभर रणनीतिक र स्थानीय सडक सञ्जाल गरी कालोपत्रे १५ हजार २ सय ५४ किलोमिटर, खण्डस्मित ९ हजार २ सय ५१ किलोमिटर र कच्ची सडक ९ हजार ८ सय ४२ किलोमिटर गरी कुल सडकको लम्बाई ३४ हजार ३ सय ४७ किलोमिटर रहेको छ।

समीक्षा वर्षमा आन्तरिक विद्युत जडित क्षमता १ हजार ३ सय १८ मेगावाट पुगेको छ, अघिल्लो वर्ष सो क्षमता १ हजार १ सय ८२ मेगावाट रहेको थियो।

स्थानीयस्तरबाट ६१ हजार ३ सय ९५ कि.मी. सडक निर्माण भएको छ जसमध्ये सबैभन्दा बढी बागमती प्रदेशमा र सबैभन्दा कम कर्णाली प्रदेशमा सडक निर्माण भएको छ।

नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवाको संख्या ३० पुगेको छ। सबै मौसममा सञ्चालनमा रहने विमानस्थलको संख्या ३५ पुगेको छ।

जयनगर/जनकपुर-बर्दिवास ७० कि.मी. रेलमार्गमध्ये ५६ किलोमिटर रेलमार्गको निर्माण सम्पन्न भएको छ।

## ५.२ पूर्वाधार क्षेत्रका चुनौती र संभावना

### ५.२.१ चुनौती

- ठूला पूर्वाधार आयोजना निर्माणका लागि आवश्यक प्राविधिक क्षमता स्वदेशी निर्माण व्यवसायीमा विकास गर्नु।
- निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्नु।
- सरोकारवाला निकायबीच समन्वयको व्यवस्थापन गर्नु।
- अधिकांश ग्रामीण भेगमा अझै पक्की सडकको विस्तार हुन नसकेको साथै मुख्य सडकसँग जोडिने गरी सहायक मार्गहरु निर्माण हुन नसकेको हुँदा ग्रामीण इलाकालाई मुख्य सडकसँग जोड्ने सहायक मार्गहरुको निर्माण गर्नु तथा स्तरोन्नति गर्नु।
- कठिन भू-बनोटले सडकको विकास लागत बढी हुनु।
- बन्द विमानस्थलहरुलाई सञ्चालनमा ल्याउनु।
- पूर्वाधार निर्माण सम्बन्धमा भएका कार्यहरुको अभिलेख राखी स्थानीय आवश्यकता अनुसारका विकास निर्माणका योजना बनाउनु।

---

[1] नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन आर्थिक वर्ष २०७६/७७ र नेपाल सरकार, अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षण २०७६/७७ बाट साभार गरिएको।

- निर्माण सम्पन्न भएका आयोजनाहरुको समय समयमा मर्मत सम्भार गरी यसको दिगोपना कायम गर्नु ।
- पूर्वाधार निर्माणको क्षेत्रमा श्रमिकको नियमित आपूर्ति गर्नु ।
- राष्ट्रिय गौरव आयोजनाको निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्नु ।

### ५.२.२ सम्भावना

- जलविद्युत उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहनु ।
- पूर्वाधार लगानीमा द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारहरुको प्रमुख चासो रहेकोले उनीहरुलाई विश्वासमा लिई पूर्वाधार क्षेत्रको विकास गर्न सकिने ।
- योजना तथा कार्यक्रमहरुको स्थानीय स्तरबाटै प्रभावकारीरुपमा निरिक्षण तथा अनुगमन हुन सकेमा तोकिएकै समयमा कार्य सम्पन्न भई निर्माण कार्यको गुणस्तरमा पनि सुधार हुने ।
- उत्तर दक्षिण करिडोरका रुपमा लोकमार्गको निर्माण पश्चात सहज यातायात सम्पर्कका कारण व्यावसायिक लागत घट्न गई प्रतिस्पर्धात्मक क्षमता बढ्न सक्ने ।
- कुल गार्हस्थ्य बचत तथा राष्ट्रिय बचत बढ्दै गएकोले पूर्वाधार विकासमा लगानीको लागि श्रोतको उपलब्धता बढ्न सक्ने ।

# परिच्छेद ६ : वाह्य क्षेत्र र रोजगारी

## ६.१ वैदेशिक व्यापार

कोभिड-१९ संक्रमण रोकथामका लागि अन्तर्राष्ट्रिय सीमानाकामा गरिएको कडाई, बन्दाबन्दी लगायतको व्यवस्थाका कारण आर्थिक वर्ष २०७६/७७ मा बैदेशिक व्यापारमा समेत गम्भीर प्रभाव परेको छ।

आर्थिक वर्ष २०७६/७७ मा कुल निर्यात ०.६ प्रतिशतले वृद्धि भई रु. ९७ अर्ब ७१ करोड पुगेको छ। अघिल्लो वर्ष निर्यात १९.४ प्रतिशतले वृद्धि भएको थियो। गन्तव्यका आधारमा भारततर्फ ११.८ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फ ४३.५ प्रतिशत र अन्य मुलुकतर्फ १८.२ प्रतिशतले घटेको छ।

आर्थिक वर्ष २०७६/७७ मा कुल आयात १५.६ प्रतिशतले घटेर रु. ११ खर्ब ९६ अर्ब ८० करोड कायम भएको छ। अघिल्लो वर्ष कुल आयात १३.९ प्रतिशतले बढेको थियो। आयात गरिने मुलुकका आधारमा भारतबाट भएको आयात १९.९ प्रतिशतले घटेको छ भने चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ११.५ प्रतिशत र ५.३ प्रतिशतले घटेको छ।

आर्थिक वर्ष २०७६/७७ मा कुल व्यापार घाटा १६.८ प्रतिशतले संकुचन भई रु. १० खर्ब ९९ अर्ब ९ करोड रहेको छ। गत वर्ष व्यापार घाटा १३.६ प्रतिशतले वृद्धि भएको थियो।

यस सम्बन्धी विस्तृत विवरण तालिका २४ मा प्रस्तुत गरिएको छ।

## ६.२ वैदेशिक रोजगारी

समीक्षा वर्षमा विप्रेषण आप्रवाहमा ०.५ प्रतिशतले संकुचनआई रु. ८ खर्ब ७५ अर्ब २ करोड कायम भएको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह १६.५ प्रतिशतले बढेको थियो।

अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) का आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या समीक्षा वर्षमा २०.५ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष यस्तो संख्या ३२.६ प्रतिशतले घटेको थियो।

यस सम्बन्धी विस्तृत विवरण तालिका २४ मा प्रस्तुत गरिएको छ।

## ६.३ प्रत्यक्ष वैदेशिक लगानी

समीक्षा वर्षमा प्रत्यक्ष बैदेशिक लगानी आप्रवाह १८.२ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष कुल प्रत्यक्ष बैदेशिक लगानी आप्रवाहमा ७.३ प्रतिशतले ह्रास आएको थियो।

यस सम्बन्धी विस्तृत विवरण तालिका २५ मा प्रस्तुत गरिएको छ।

## ६.४ बाह्य क्षेत्रका चुनौती र सम्भावना

### ६.४.१ चुनौती

- कोभिड-१९ संक्रमण नियन्त्रण तथा रोकथामका लागि अवलम्बन गरिएका नियन्त्रणात्मक उपायहरुलाई सहज गरिएसँगै अर्थतन्त्र क्रमशः चलायमान हुन अत्यावश्यक वस्तुका अतिरिक्त निर्माण सामग्री र औद्योगिक कच्चा पदार्थ समेत आयात गर्नुपर्ने भएकाले प्रत्येक वर्ष बढ्दै गएको व्यापार घाटा कम गर्ने कार्य थप चुनौतीपूर्ण बन्नु।

- कोभिड-१९ महामारीका कारण अल्प तथा मध्यम कालसम्म आन्तरिक उत्पादन, विप्रेषण आप्रवाह, पर्यटन आय तथा वैदेशिक लगानी प्रभावित हुन गई समग्र शोधनान्तर स्थिति एवम् विदेशी विनिमय सञ्चितिमा चाप पर्ने जोखिम कायमै रहनु ।
- अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि भई कुल आयातमा थप दबाब पर्न सक्ने सम्भावना रहनु ।
- निर्यात प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय बजार पहिचान तथा पहुँचमा जोड दिई वस्तुगत तथा देशगत निर्यात व्यापार विस्तार एवम् विविधिकरण गर्नु ।
- खुला सीमानाका कारण हुने अनधिकृत व्यापारको प्रभावकारी नियन्त्रण गर्नु ।
- आन्तरिक स्रोत सीमित रहेको तथा पर्यटन लगायत विदेशी मुद्रा आर्जनका स्रोतहरु समेत खुम्चिने अवस्था रहेको परिप्रेक्ष्यमा बाह्य क्षेत्र व्यवस्थापन गर्न अपेक्षित रुपमा वैदेशिक ऋण तथा अनुदान परिचालन गर्नु ।
- कोभिड महामारीका कारण प्रभावित भएको पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्नु ।
- विश्वव्यापी रुपमानै प्रत्यक्ष वैदेशिक लगानी कम देखिएको अवस्थामा नेपालमा थप प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनु ।

### ६.४.२ सम्भावना

- द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय स्तरमा व्यापार सम्बन्धी भएका सन्धि र सम्झौताहरुको कार्यान्वयनबाट अधिकतम लाभ लिई वस्तुगत तथा देशगत निर्यात व्यापार विस्तार एवम् विविधिकरण गर्न सकिने ।
- विद्युत उत्पादन वृद्धिसँगै पेट्रोलियम पदार्थको प्रयोगलाई क्रमशः प्रतिस्थापन गर्न सकिने ।
- जलविद्युत उत्पादन गरी छिमेकी देशमा निर्यात गर्न सकिने ।
- प्रमुख श्रम गन्तव्य मुलुकका अर्थतन्त्रहरु कोरोना भाईरसको असरका बाबजुद क्रमशः पुनरुत्थानतर्फ अघि बढेको देखिएकाले त्यहाँबाट प्राप्त हुने विप्रेषणमा सकारात्मक प्रभाव पर्ने ।
- विदेशी पर्यटकहरुको आगमनमा कमी आएतापनि पर्यटकहरुको बसाई लम्ब्याउने तथा बढी खर्च गर्ने पर्यटकहरु (Quality Tourism) लाई आकर्षित गर्न आवश्यक व्यवस्था मिलाउन सकिएमा पर्यटन आयमा वृद्धि गर्न सकिने ।

# परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन[२]

हाल मुलुकमा सिंचाई, जलविद्युत, विमानस्थल, सडक, रेल, खानेपानी लगायतका क्षेत्रमा २४ वटा राष्ट्रिय गौरवका आयोजनाहरु संचालनमा रहेका छन् । यी मध्ये २०७७ असार मसान्तसम्ममा ६ वटा आयोजनाहरुको समष्टिगत भौतिक प्रगति ९० प्रतिशतभन्दा बढी भएको छ, ४ वटा आयोजनाहरुको प्रगति ५० प्रतिशतदेखि ८० प्रतिशतभित्र रहेको छ भने बाँकी आयोजनाहरुको प्रगति ५० प्रतिशतभन्दा कम रहेको छ ।

२०७७ असार मसान्तसम्ममा सिक्टा सिचाई आयोजनाको समष्टिगत भौतिक प्रगति करीब ६३ प्रतिशत रहेको छ । त्यस्तै बबई सिंचाई आयोजना र रानीजमरा कूलरिया सिंचाई आयोजनाको समष्टिगत भौतिक प्रगति करीब ५० प्रतिशत रहेको छ । सुनकोशी मरिन डाइभर्सन आयोजनाको समष्टिगत भौतिक प्रगति ०.५ प्रतिशत रहेको छ ।

समीक्षा वर्षको अन्त्यसम्ममा माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको ९९.७३ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ । विद्युत प्रसारण आयोजना र पश्चिम सेती जलविद्युत आयोजनाको काम भने शुरु हुन सकेको छैन ।

२०७७ असार मसान्तसम्ममा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य क्रमशः ९१ प्रतिशत र ६२ प्रतिशत सम्पन्न भएको छ ।

हुलाकी राजमार्ग र पुष्पलाल लोकमार्गको ५० प्रतिशत हाराहारी कार्य सम्पन्न भएको छ । त्यस्तै काठमाडौं तराई मधेस द्रुतमार्गको ११ प्रतिशत समष्टिगत भौतिक प्रगति रहेको छ । समीक्षा वर्षको अन्त्यसम्ममा मेलम्ची खानेपानी आयोजनाको ९७ प्रतिशत, पशुपति क्षेत्र विकास कोष आयोजनाको ८६ प्रतिशत, लुम्बिनी क्षेत्र विकास कोष आयोजनाको ८५ प्रतिशत र राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको ९२ प्रतिशत भौतिक प्रगति भएको छ ।

## ७.२ अन्य कार्यक्रमको कार्यान्वयन

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७६/७७ मा २ लाख २१ हजार ७ सय ३१ घरधुरीका ३ लाख ७० हजार ७ सय ३४ बेरोजगार व्यक्ति सूचीकृत भएकोमा १ लाख ५ हजार ६ सय ३५ व्यक्ति ४ हजार ३ सय २ आयोजना अन्तर्गत रोजगारीमा खटिई १६ लाख ३९ हजार ४ सय ३१ रोजगारीका दिनमा खटिएका थिए ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा २०७७ असार मसान्तसम्म खाद्यान्न अन्तर्गत २२ जोन र ६ सुपरजोन, फलफूल अन्तर्गत २२ जोन र ३ सुपरजोन, तरकारी अन्तर्गत १७ जोन र १ सुपरजोन, आलु अन्तर्गत १० जोन र २, मसला/निर्यातयोग्य अन्तर्गत १९ जोन र १ सुपरजोन, पशु/मत्स्य अन्तर्गत १२ जोन र ३ सुपरजोन र तेलहन अन्तर्गत ४ जोन रहेका छन् ।

---

[२] कार्यक्रम र परियोजना राष्ट्रिय योजना आयोगबाट प्राप्त राष्ट्रिय गौरवका आयोजनाहरूको आ.व. २०७६/७७ को वार्षिक प्रगति स्थिति प्रतिवेदनबाट साभार गरिएको ।

# परिच्छेद ८ : आर्थिक परिदृष्य

कोभिड-१९ विरुद्ध खोप विकास भएको, दैनिक संक्रमित संख्यामा कमी आउँदै गएको एवम् आर्थिक गतिविधिहरु सुचारु हुँदै जान थालेकोले कृषि, उद्योग तथा सेवा क्षेत्रलगायत समग्र आर्थिक परिदृश्य सुधारोन्मुख देखिन्छ ।

## ८.१ मूल्य स्थिति

कोभिड-१९ को कारण विगतका केही महिनादेखि असहज परिस्थिति श्रृजना भई आपूर्ति प्रणालीमा अवरोध भएतापनि हाल आपूर्ति पुरानै लयमा फर्केको देखिन्छ । साथै, माग पक्षमा समेत उल्लेख्य सुधार भएको, भारतीय मुद्रास्फीति गत वर्षभन्दा केही उच्च रहेको, निर्वाचन घोषणा भएको, औद्योगिक क्षेत्रमा माग अनुसार विद्युत आपूर्ति हुन नसकेको जस्ता कारणहरुले मुद्रास्फीतिमा चाप पर्ने देखिन्छ । यद्यपि चालू आ.व.को अर्धवार्षिक औसत मुद्रास्फीति लक्षित मुद्रास्फीतिको करिब आधा (३.७२ प्रतिशत) मात्र रहेकोले वार्षिक औसत मुद्रस्फीति बाञ्छित स्तरमै रहने अनुमान छ ।

## ८.२ कृषि उत्पादन

मौसमी अनुकुलता, कोभिड-१९ संक्रमणको प्रभाव घट्दै गएसंगै आपूर्ति व्यवस्थामा आएको सुधार तथा कृषि कर्जामा भएको विस्तारको परिणाम स्वरुप समग्र कृषि उत्पादन बढ्ने अनुमान गरिएको छ ।

कृषकहरु व्यावसायिक तरकारी खेतीतर्फ उन्मुख हुने प्रवृत्ति बढेकोले तरकारीको उत्पादन बढ्नुका साथै स्थानीय तहहरुमा पशु विकास सम्बन्धी कार्यक्रमहरु जस्तै डालेघाँस कार्यक्रम, भकारो सुधार कार्यक्रम, उन्नत जातका बाख्रा तथा वीज बृद्धि जस्ता कार्यक्रम लागू गरिएकाले पशुपालन क्षेत्रको विकास/विस्तार भई दुध र मासु लगायतका पशुजन्य उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

## ८.३ औद्योगिक उत्पादन

कोभिड-१९ विरुद्ध खोपको विकास भएको र दैनिक संक्रमित दर समेत घट्दै गएको कारण आद्योगिक गतिविधि विस्तार हुन थालेको छ । यस बैंकले लागू गरेका पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यावसायिक निरन्तरता कर्जा कार्यक्रमका कारण उद्योग संचालनमा सहजता आउने अनुमान छ । साथै, कच्चा पदार्थको सहज आपूर्ति हुने र विद्युत आपूर्ति सहज हुने देखिएकाले उद्योगहरुको क्षमता उपयोगको अवस्थामा सुधार आउने अनुमान छ ।

## ८.४ सेवा क्षेत्र

विश्वव्यापी रुपमा फैलिएको कोराना भाईरस (COVID-19) का कारण पर्यटन क्षेत्र चालु आर्थिक वर्ष भरिनै प्रभावित रहने देखिन्छ । अन्तर्राष्ट्रिय स्तरमा नै पर्यटन क्षेत्र संकुचनमा रहेकोले होटल, रेष्टुरेन्ट, ट्रेकिंग लगायतका पर्यटन व्यवसाय शिथिल नै रहने अनुमान छ । कोभिड १९ विरुद्धको खोप अभियान प्रभावकारी रुपमा लागू गर्न सके पर्यटन लगायत यातायात, शिक्षा, आदि सेवा क्षेत्रको संचालनमा सुधार आउने देखिन्छ ।

## ८.५ पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्रमा मजदुर, विशेषज्ञ तथा मेशीनरी लगायतका सामग्रीको अभाव भई समग्र निर्माणजन्य कार्यमा अवरोध पुगेको हुँदा अधिकांश पूर्वाधार सम्पन्न हुने समय र लागत बढ्ने देखिएको छ ।

## ८.६ बाह्य क्षेत्र

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा नै कोभिड-१९ को संक्रमण क्रमशः घट्दो क्रममा रहेको र यस विरुद्धको खोप समेत विकास भैसकेको अवस्थामा आगामी दिनमा वाह्य क्षेत्रमा थप सुधार हुने अपेक्षा गर्न सकिन्छ । तथापि, निर्यातको आकार एवम् आधार कमजोर रहेको सन्दर्भमा आर्थिक गतिविधिमा हुने बिस्तारसँगै आयात बढ्न गई व्यापार घाटा थप फराकिलो हुन सक्ने र परिणामस्वरुप चालु खातामा चाप पर्न सक्ने अनुमान छ । अन्तर्राष्ट्रिय स्तरमा नै पर्यटकीय गतिविधि प्रभावित भएका कारण चालु वर्ष पर्यटन आय न्यून रहने देखिन्छ ।

***